## हाँगा छाँट्ने कार्य

यसको बोटलाई रोपेको एक वर्ष बादमा कामनलाग्ने हाँगाहरूलाई छाँट्ने काम गरिन्छ ताकि अरू हाँगाहरू फस्टाएर जावोस । हाँगा छाँट्ने काम प्रायजसो औसत 0.9-1.2 m अग्लो रूखहरूमा गरिन्छ । यसो गर्नाले फलको आकार राम्रो हुन्छ । वर्षै पछि हाँगा छाँट्ने गर्नुपर्छ ताकि पुराना हाँगाहरू भन्दा नयाँ हाँगाहरूबाट राम्रो फल लाग्ने गर्दछ ।

## फसल उठाउने

रूख टमाटरको फल रातो वा पहेंलो रङको हुँदा फसल उठाउनको  लागि तयार या योग्य हुन्छ । यसको रूख छिटो बढ्नाको कारणले एक देखि दुई वर्षको समयमा यसले फल दिने गर्दछ ।


**Published by**

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**Under the project**
Conservation, Promotion and Intensification of Local Crop Landraces or Germplasm for Livelihoods of Organic Farmers in Sikkim

**Sponsored by:**

NATIONAL MISSION ON ORGANIC MISSION
Ministry of Environment, Forest & Climate Change, Govt. of India
NMHS Nodal Institute: G.B. Pant National Institute of Himalayan Environment & Sustainable Development (GBPNIHESD)

Cite: Limbu S, Sharma L and Limboo S. 2020. Cultivation practices of Rukhtamatar (Tree Tomato) (Pamphlet). Department of Horticulture, Sikkim University.



Extension Bulletin-04/NMHS/2020


# रूख टमाटरको खेति




Authors
Suren Limbu, Laxuman Sharma and Deewan Limboo

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**परिचय**

Tree tomato *(Solanum betaceum)* लाई सिक्किममा रुख टमाटर भनेर चिनिन्छ। यो अण्डाको आकारको खाने फल हो जसमा उच्च स्तरको खानिज र भिटामिन हुन्छ। यसले कब्जियतबाट बच्न मद्दत गर्छ, रगतमा कोलेस्ट्रोलको मात्रा घटाउँछ र मधुमेह रोगीको चिनीको मात्रा पनि नियन्त्रण गर्छ। यसको अनौठो स्वादका कारण टमाटारलाई सब्जी बनाउन पनि प्रयोग गरिन्छ। यसलाई काँचो, पकाएर, जाम, चटनी बनाएर वा अन्य फलफूलको जुससँग मिसाएर खान सकिन्छ। यसलाई सलादको रूपमा पनि खान सकिन्छ। पाकेको फललाई बोतलमा हालेर अचारको रूपमा प्रयोग गर्न सकिन्छ। यस फलको बजार र होटलहरूमा धेरै मात्रामा माग छ।

**माटो र हावापानी**

यो रुख टमाटर समुद्र सतह देखि 1000 -3000 मिटरको उचाइमा राम्रो वृद्धि हुन्छ। धेरै उचाई भएको ठाउमा यो अलिक ढिलो पाक्छ। यसको खेती गर्मी जग्गामा गर्दा निरन्तर पानी दिनूपर्छ तर जमीनमा पानी जम्मिनू हुँदैन। यसले ज्यादा मात्रामा तुसारो सहनु सक्दैन। अलिक तातोपनमा यसको खेती निकै लाभदायक देखिएको छ।

**जम्मीनको तयारी**

जमिनलाई राम्रोसँग जोतेको हुनुपर्छ अनि त्यसमा मल पर्याप्त मात्रामा लगाउनुपर्छ। त्यसो गर्नाले पटक पटक खाद हाली रहनुपर्ने अवस्था पर्दैन। विरूवा रोपेको जग्गामा पानी जामिनु भएन र नाली काटिएको हुनुपर्छ। दुई वर्ष पूगेको रुखटमाटरको वरिपरि राम्ररी खनखान पारि राम्रोसँग पाकेको गाईको मल लगाउनाले चाँडै फसल लिन सकिन्छ।

**प्रसारण (Propagation)**

प्रसारणको लागी प्रायजसो बीउ र हाँगा काटिएर रोप्ने गरिन्छ। हाँगाबाट सारिएको भन्दा बीउबाट रोपिएको विरूवाले धेरै राम्रो हाँगाहरू फैलाउँछ। यसको बीउ सधैं राम्रोसँग पाकेको रातो या पहेँलो भएको फलबाट गुदी निकालेर त्यहाँबाट बीउ छुट्याइँने गरिन्छ अनि त्यसलाई धोएर ओजेल भएको जग्गामा सुकाइँछ।

बीउ रोपेको तीन देखि पाँच हप्तामा उम्रने गर्छ। यदि कटिङ्ग बाट बिरुवा प्रसारण गर्ने हो भने कटिङ्ग गरिने हाङ्गा स्वस्थ र कुनै रोग नलागेको हुनुपर्छ। कटिङ्गको साइज 10-30 mm मोटो र 45-100 cm लामो हुनुपर्छ।

**रोप्ने तरिका र मल लगाउने तरिका**

यसको बिरुवाहरू रोप्दा बिरुवा देखि बिरुवा बीचको दूरी 2.5-3 m हुनुपर्छ साथै 3 m को दुरी पङ्क्ति देखि पङ्क्ति बीच हुनुपर्छ अथवा 1.0-1.5 m बीचको दुरी विरूवाहरूमा हुनुपर्छ साथै 4.5-5.0 m बीचको दुरी पङ्तिहरूको बिचमा हुनुपर्छ। हावा चल्ने असुरक्षित स्थानहरूमा नजिकको दूरी कायम गरिन्छ। राम्रोसँग कुहिएको मलहरू हाल्नाले यसको उत्पादनमा वृद्धि हुन्छ।

**सिचाइ**

यसको बोटले लामो समयसम्म खडेरी सहन सक्दैन र सुख्खा समयमा पर्याप्त पानी हालेर यसलाई राम्रो सँग स्यार सुसार गरेको हुनु पर्छ। यसको रुख फस्टाउने बेलामा पानीको मात्रा राम्ररी दिनुपर्छ साथै यस रूखको फेदमा पत्कर या सेउलाहरूले छोपिदिए माटोको नमी कायम रहन्छ साथै झार उम्रनबाट पनि रोकिन्छ।